# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## प्रशासन सेवा, लेखा समुह, तह-५ वरिष्ठ लेखा सहायक पदको

## खुल्ला, समावेशी तथा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठयक्रम

१. लिखित परीक्षाको बिषय, पुर्णाङ्क, परीक्षा प्रणाली, प्रश्नसंख्या, अंकभार र समय निम्नानुसार हुनेछ ।

| पत्र | बिषय | पुर्णाङ्क | उतिर्णाङ्क | | परीक्षा प्रणाली | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम पत्र | (क) सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ४० | बस्तुगत बहु वैकल्पिक प्रश्न | सामान्य ज्ञान | २५ | २ | १ घण्टा |
| | | | | | बौद्धिक ज्ञान | १० | २ | |
| | | | | | सामान्य गणित | १० | २ | |
| | | | | | कम्प्युटर सम्बन्धी ज्ञान | ५ | २ | |
| द्धितीय पत्र | सेवा सम्बन्धी | १०० | ४० | बिषयगत प्रश्न | छोटो उत्तर आउने प्रश्न | ८ | ५ | ३ घण्टा |
| | | | | | लामो उत्तर आउने प्रश्न | ६ | १० | |

**२. द्धितिय चरणः कम्प्युटर सिप परीक्षण तथा अन्तर्वार्ताको योजना**

| बिषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| कम्प्युटर सीप परीक्षण | २० | प्रयोगात्मक |
| व्यक्तिगत अन्तर्वार्ता | ३० | मौखीक |

३. प्रत्येक बस्तुगत प्रश्नमा चार वटा सम्भाव्य उत्तर दिइनेछ । जसमध्ये एउटा सही उत्तरमा (लोक सेवा आयोगले तोके बमोजिम) चिन्ह लगाउने वा लेख्नु पर्नेछ । प्रति गलत उत्तर वापत २० प्रतिशतका दरले अंक घटाइनेछ ।

४. प्रथमपत्र र द्धितीय पत्रको परीक्षा फरक फरक हुनेछ ।

५. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुन सक्नेछ ।

६. सामान्यतः प्रत्येक इकाईबाट प्रश्नहरु सोधिनेछन ।प्रत्येक इकाईको अंक भार तोकिए बमोजिम हुनेछ । लामो उत्तर दिनुपर्ने प्रश्न एकै वा खण्ड खण्ड गरी (दुई वा सो भन्दा बढी) सोधन सकिनेछ ।

७. यस पाठयक्रममा जेसुकै लेखिएको भएता पनि पाठयक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठयक्रममा परेको सम्झनु पर्दछ ।

८. परीक्षामा कालो मसी भएको कलम वा डटपेन मात्र प्रयोग गर्नुपर्नेछ ।

९. पाठयक्रम लागु मिति २०७८ श्रावण १ गते ।

**प्रथम पत्रः सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण**

**प्रथमपत्र** **(१०० अंक)**

**१. सामान्य ज्ञानः**

१.१ सौर्यमण्डलः सूर्य, ग्रह, उपग्रह र तारा ।

१.२ विश्वको भुगोलः महादेश, महासागर, अक्षांश, देशान्तर, अन्तराष्ट्रिय तिथि रेखा, समय, पर्वतश्रृंखला, नदी, हिमनदी, ताल, हिमताल, देश तथा तिनका राजधानी ।

१.३ नेपालको भुगोल र आर्थिक तथा सामाजिक क्रियाकलापः धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाइने हावापानीको किसिम र विशेषता, तालतलैया, खनिज पदार्थ, प्राकृतिक स्रोत साधन, यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, संचार, कृषि, उद्योग, पर्यटन, र व्यापार सम्बन्धी जानकारी ।

१.४ नेपालको इतिहासः किरााँतकाल, लिच्छवीकाल, मल्लकाल र आधुनिक इतिहासका प्रमुख घटना सम्बन्धी सामान्य जानकारी ।

१.५ नेपालको सामाजिक एवं सास्कृतिक अवस्थाः प्रथा, परम्परा, धर्म, जाजाति, भाषाभाषी, संस्कृति र साहित्य र संगित ।

१.६ अन्तराष्ट्रिय सम्बन्ध तथा संघ/संस्थाः संयुक्त राष्ट्र संघ र यसका एजेन्सीहरु (UNO and Its Agencies), र दक्षिण एशियाली क्षेत्रीय संगठन (SAARC) सम्बन्धी जानकारी ।

१.७ राष्ट्रिय महत्वका समसामायिक घटना तथा नविनतम गतिविधिहरु खेलकुद, पुरस्कार, कला, साहित्य लगायत महत्वपुर्ण व्यक्तित्वहरु सम्त्रन्धी जानकारी ।

१.८ काठमाण्डौ उपत्यका खानेपानी सम्बन्धी जानकारी ।

१.९ नेपालको प्रचलित संविधान र नेपालको शासन प्रणाली सम्बन्धी जानकारी ।

## २. बौद्धिक परीक्षणः

२.१ शाब्दिक तार्किक परीक्षणाः शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गिकरण, कोडिङ्ग/डिकोडिङ्ग, छोडिएका अक्षर/संकेत मिलाउने, दिशा र दुरी ज्ञान परीक्षण, तार्किक विश्लेषण, श्रेणीक्रम (पंक्तिक्रम), आगमन, निगमन ।

२.२ अशाब्दिक तार्किक परीक्षणः अनुक्रम, समरुपता, एकरुपता, वर्गिकरण, तार्किक चित्रात्मक विश्लेषण, भेन चित्र, मेट्रिक्स चित्र, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण ।

## ३. सामान्य गणितः

३.१ प्रतिशत, भिन्न, दशमलब, अनुपात, औषत, नाफा-नोक्सान, ब्याज, श्रेणीक्रम र ऐकिक नियम ।

## ४. कम्प्युटर सम्बन्धी ज्ञान

४.१ Word processing, Excel, PowerPoint, Internet सम्बन्धी सामान्य जानकारी ।

४.२ कम्प्युटरको इतिहास र यसको उपयोग ।

**प्रशासन सेवा, लेखा समुह, तह-५ वरिष्ठ लेखा सहायक पदको**

**द्धितीय पत्रः सेवा सम्बन्धी (१०० अंक)**

**क) बिषयगत ज्ञान**

**१ लेखाको आधरभुत अवधारणाः**

१.१ कारोबार मापन र पहिचान ।

१.२ पुँजीगत तथा आयगत आम्दानी तथा खर्च सम्बन्धी अवधारणा ।

१.३ दोहोरो लेखा प्रणालीको परिचय, लेखाङ्कन प्रणालीका आधारहरु (नगद, प्रोदभावी र परिमार्जित नगद) ।

१.४ लेखाङ्कन समिकरण (Accounting Equation) तथा लेखाहरुको वर्गीकरण र यसमा प्रयुक्त पारिभाषिक शब्दावली ।

१.५ लेखाङ्कन सम्बन्धी अभिलेखहरुः नगद, जिन्सी, जर्नल भौचर, नगदी किताब, सानो नगदी कोष र सहायक खाताहरु ।

१.६ नियन्त्रण लेखा, सहायक लेखा, सन्तुलन तथा खाताबन्दी ।

१.७ ह्रास कट्टीको अवधारणा, महत्व तथा ह्रास कट्टी गर्ने विधीहरु र लेखाङ्कन ।

१.८ बैंक हिसाब मिलान (Bank Reconciliation) अर्थ, मौज्दात फरक पर्नाको कारण र मिलानका तरिका ।

१.९ लेखामा देखिने त्रुटि र सुधार गर्ने तरिका ।

**२. वित्तिय प्रतिवेदन तयारी तथा प्रस्तुतिः**

२.१ बार्षिर्क प्रगति प्रतिवेदन र वित्तिय प्रतिवेदन ।

२.२ सन्तुलन परीक्षण (Trial Balance) को अर्थ, तयार गर्ने विधि, सन्तुलन परिक्षणा नमिल्ने अवस्था र मिलाउने तरिका ।

२.३ कार्य संचालन स्तरीय कार्यालयको आर्थिक प्रतिवेदन र एकिकरण सम्बन्धी प्रक्रिया ।

२.४ वित्तिय विवरणको अर्थ र आर्थिक स्थिती, आय विवरण, नगद प्रवाह विवरण तयारी तथा समायोजनको तरीका ।

२.५ वित्तिय विवरणको उपयोगको क्षेत्र र महत्व ।

२.६ नेपालमा वित्तिय प्रतिवेदनमान र नियमन व्यवस्था ।

**३. लागत लेखा र प्रणालीको जानकारीः**

३.१ लागतको अर्थ र वर्गिकरण

३.२ लागत लेखाको अर्थ उदेश्य, लागत लेखा र आर्थिक लेखा बीचको भिन्नता ।

३.३ सार्वजनिक खरिद व्यवस्थापनः अर्थ, महत्व, चक्र, खरिद योजना ।

३.४ सामग्री अभिलेखः नियन्त्रणको आवश्यकता, महत्व,भण्डारण प्रक्रिया, सामाग्री निष्काश्र गर्दा गरिने मुल्याङ्कन विधिहरु ।

३.५ लागतका विभिन्न तत्व, श्रम लागतको ज्याला भुक्तानी र यसको नियन्त्रण ।

३.६ शिरोभार लागतलेखाः अर्थ, वर्गिकरण, निर्धारण र बाँडफाँड ।

**४. आन्तरिक नियन्त्रण तथा लेखा परीक्षणः**

४.१ आन्तरिक नियन्त्रणको अर्थ र विधिहरु ।

४.२ आन्तरिक लेखा परीक्षणको अर्थ ।

४.३ लेखा परीक्षणको अर्थ, महत्व, वित्तिय तथा कार्यमुलक लेखा परीक्षण, लेखापरीक्षण प्रतिवेदन

४.४ लेखापरीक्षण कैफियतहरुको फछ्र्यौटका तरिका ।

**५. आवधिक योजना तथा बजेटः**

५.१ नेपालको चालु आवधिक योजनाको सामान्य जानकारी ।

५.२ बजेटको अर्थ, प्रकार र बजेट तर्जुमा प्रक्रिया ।

**६. कार्यालय व्यवस्थापनः**

६.१ संस्थागत बैंक खाता संचालन सम्बन्धी व्यवस्था, चेक ड्राफ्ट तथा प्रतित पत्र सम्बन्धी जानकारी, बैंक जमानी, कार्य सम्पादन जमानत र जमानत फुकुवा ।

६.२ टिप्पणी लेखनः अर्थ, आवश्यकता, उपयोग र महत्व ।

६.३ फाइलिङ्ग तथा अनुक्रमणीका सम्बन्धी जानकारी ।

६.४ कार्यालय सामाग्रीको लागत, संरक्षण सम्बन्धी जिम्मेवारी ।

**ख) कानुन सम्बन्धी ज्ञान**

१. नेपालको प्रचलित संविधान ।

क) प्रारम्भिक ।

ख) राज्यको निर्देशक सिद्धान्त, प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, राज्यको दायित्व ।

ग) महालेखा परीक्षक ।

**२. अन्य सान्दर्भिक कानुनः**

**२.१ भ्रष्टाचार निवारण ऐन २०५९**

क) भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था ।

ख) भ्रष्टाचारको निगरानी सम्बन्धी व्यवस्था ।

**२.२ आयकर ऐन, २०५८ र नियमावली, २०५९**

क) आयको गणना

ख) कर कट्टी प्रमाणपत्र, कट्टी गरिएको करको विवरण र भुक्तानी ।

ग) करारको भुक्तानी गर्दाको कर कट्टी ।

घ) अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी ।

ङ) रोजगारदाताबाट कर कट्टी ।

**२.३ सेवा निवृत्त कोष संचालन सम्बन्धी**

क) कर्मचारी संचयकोष रकम कट्टी, जम्मा र कोष कट्टी रकम फिर्ता पाउने ।

ख) नागरिक लगानीकोष कट्टी दाखिला र रकम फिर्ता पाउने व्यवस्था ।

**अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः**

१. देवनागरी Typing Skill Test को लागि १५० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछ ।

| **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | पाउने अंक |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द मिनेट बापत | ० अंक |
| ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १ अंक |
| ७.५ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २ अंक |
| १० वा सो भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ३ अंक |
| १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ४ अंक |
| १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ५ अंक |
| १७.५ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ६ अंक |
| २० वा सो भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ७ अंक |
| २२.५ वा सो भन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ८ अंक |
| २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | १० अंक |

२. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछ ।

| **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | पाउने अंक |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द मिनेट बापत | ० अंक |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १ अंक |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २ अंक |
| १२वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ३ अंक |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ४ अंक |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ५ अंक |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ६ अंक |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ७ अंक |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ८ अंक |
| ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | १० अंक |